म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक २६० | विहीबार, २४ बैशाख २०८३ | ने. सं. ११४६ बछलागा | 7 May 2026 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## डेङ्गी नियन्त्रण उपकरण हस्तान्तरण

हेटौंडा, २३ बैशाख/डेङ्गी संक्रमण नियन्त्रण गर्न रोटरी क्लब अफ हेटौंडाले हेटौंडा-८ लाई डेङ्गी नियन्त्रण उपकरण हस्तान्तरण गरेको छ । वडाध्यक्ष रामकृष्ण थापालाई उपकरण हस्तान्तरण गरिएको रोटरी क्लब हेटौंडाका अध्यक्ष प्रमेश प्रधानले जानकारी दिए । वडा नम्बर ५ र ६ मा वितरण गरिसकेको र वडा नम्बर ८ सहित अन्य वडालाई वितरण गर्न लागिएको डेङ्गी नियन्त्रण उपकरणले संक्रमित क्षेत्रमा रोकथाम र नियन्त्रणकार्यलाई प्रभावकारी बनाउने अध्यक्ष प्रधानले बताए । लामखुट्टे नियन्त्रणका लागि आवश्यक उपकरण फगर मेसिन, सुरक्षात्मक पोशाक स्प्रेइङ सेटहरु हस्तान्तरण गरिएको हो । उपकरण हस्तान्तरणसहित त्यसको सही प्रयोगबारे प्राविधिक अभिमुखीकरण गरिएको थियो । उपकरण हस्तान्तरण कार्यक्रममा रोटरी क्लबका सचिव रामबाबु थापा तथा पदाधिकारीसहित रोटरी क्बल मकवानपुरका पूर्वअध्यक्ष कविन सांगमीको उपस्थिति रहेको थियो । वडाध्यक्ष थापाले स्वास्थ्यका लागि स्थानीय तहले चाल्ने कदमलाई अझ प्रभावकारी बनाउन सहयोगी संस्थाहरुको समन्वय आवश्यक रहेको बताए ।

### निजामती र स्वास्थ्यसेवाका सबै राष्ट्रियस्तरका ट्रेड युनियनहरु खारेज

# स्वास्थ्य मन्त्रालयद्वारा १९३ पदाधिकारी पदमुक्त

साझाकुरा संवाददाता

हेटौंडा, २३ बैशाख/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विभिन्न स्वास्थ्यसम्बद्ध निकायका सार्वजनिक पदाधिकारीलाई पदमुक्त गरेको छ ।

कतिपयले यस कदमलाई कर्मचारीतन्त्रमा हुने अनावश्यक राजनीतिक हस्तक्षेप रोक्ने प्रयासका रुपमा हेरेका छन् भने कतिपयले यसलाई कर्मचारीको संवैधानिक अधिकारमाथिको प्रहार भन्दै विरोध सुरु गरेका छन् ।

मन्त्रालयका अनुसार विभिन्न परिषद् तथा प्रतिष्ठानका प्राज्ञिक परिषद् सदस्य, कार्यकारी निर्देशक, उपकुलपति, डिन, रजिष्ट्रार तथा अस्पताल निर्देशकलगायत १९३ जना पदमुक्त भएका हुन् । मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तीअनुसार 'सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेश, २०८३' बमोजिम मन्त्रि परिषद्को निर्णयअनुसार पदाधिकारी स्वत: पदमुक्त भएका हुन् ।

बरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक तथा मन्त्रालयका सूचना अधिकारी डा.भक्तबहादुर केसीका अनुसार आयुर्वेद चिकित्सा परिषद्, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, नेपाल नर्सिङ परिषद्, नेपाल स्वास्थ्य व्यवसायी परिषद्, बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल तथा शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र लगायत संस्थाका अध्यक्ष, सदस्य तथा पदाधिकारी पदमुक्त गरिएको हो । मन्त्रालयले यो निर्णय मन्त्री परिषद्को निर्णयको मितिदेखि लागू हुनेगरी कार्यान्वयनमा ल्याइएको जनाएको छ ।




पदमुक्त गरिएका पदाधिकारी बारे सम्बन्धित निकायलाई जानकारी गराइएको मन्त्रालयले स्पष्ट पारेको छ । मन्त्रालयले देशभरका स्वास्थ्य विज्ञान प्रतिष्ठान, स्वास्थ्य संस्था तथा अस्पतालको दैनिक सेवा अवरुद्ध हुन नदिन सम्बन्धित निकायलाई निर्देशन दिएको छ ।

मन्त्रालयकाअनुसार मातहतका विभिन्न स्वास्थ्य विज्ञान प्रतिष्ठान, स्वास्थ्य संस्था तथा अस्पतालमा पदमुक्त भएका पदाधिकारीको स्थानमा सेवाप्रवाह, दैनिक प्रशासनिक कार्य तथा प्राज्ञिक र शैक्षिक गतिविधि नियमितरुपमा सञ्चालन गर्न सम्बन्धित निकायका प्रमुखलाई जिम्मेवारी तोकिएको छ ।

स्वास्थ्यसेवा निरन्तरता, बिरामीको उपचार तथा अस्पतालका नियमितकार्यमा कुनैपनि प्रकारको असर पर्न नदिन सबै सरोकार वालालाई सजग र जिम्मेवार भई कामगर्न मन्त्रालयले अनुरोध गरेको छ । कुनै समस्या वा अन्योल उत्पन्न भए तत्काल मन्त्रालयमा सम्पर्क गर्न आग्रह गरिएको छ । मन्त्रालयले स्वास्थ्य सेवा जस्तो संवेदनशील क्षेत्रमा कुनै पनि नकारात्मक प्रभाव नपर्ने गरी समन्वयात्मकरुपमा कार्य अगाडि बढाउनुपर्नेमा जोड दिएको छ ।

### निजामती र स्वास्थ्यसेवाका राष्ट्रियस्तरका सबै ट्रेड युनियनहरू खारेज

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मातहतको श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले सार्वजनिक सूचना जारी गर्दै नेपालका राष्ट्रियस्तरका निजामती कर्मचारी र स्वास्थ्य सेवाका कर्मचारीका सबै ट्रेड युनियनहरू खारेज गरिदिएको छ । सरकारले हालै जारी गरेको नयाँ अध्यादेशको जगमा विभागले बुधबार यस्तो निर्णय लिएको हो । यो खारेजी निजामती सेवा ऐन, २०४९ (दोस्रो संशोधन, २०६४) र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन, २०७०) अन्तर्गत विभागमा दर्ताभई क्रियाशील रहेका सम्पूर्ण राष्ट्रियस्तरका ट्रेड युनियनको हकमा लागू भएको छ ।

सरकारले जारी गरेको संवत् २०८३ सालको अध्यादेश नम्बर ७ 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश' को व्यवस्थालाई मुख्य कानुनी आधार बनाएर यी युनियनहरूको दर्ता खारेज गर्ने निर्णय गरिएको विभागका प्रवक्ता इन्जिनियर मणिनाथ गोपले जानकारी दिएका छन् । यस निर्णयसँगै निजामती सेवा ऐनको दफा ५३ को उपदफा (२) बमोजिम दर्ताभई लामो समयदेखि कर्मचारी राजनीतिमा सक्रिय रहेका प्रमुख युनियनहरुको अस्तित्व समाप्त भएको छ ।

खारेजीमा पर्ने राष्ट्रिय स्तरका निजामती कर्मचारी संगठनमा नेपाल निजामती कर्मचारी संगठन (दर्ता नम्बर २१४), नेपाल निजामती कर्मचारी युनियन (दर्ता नम्बर २१५), नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन (दर्ता नम्बर २२१), नेपाल मधेशी निजामती कर्मचारी मञ्च (दर्ता नम्बर २३१), नेपाल स्वास्थ्यकर्मी संघ (दर्ता नम्बर २७२), मधेशी स्वास्थ्यकर्मी फोरम नेपाल (दर्ता नम्बर २८४), एकीकृत सरकारी कर्मचारी संगठन, नेपाल (दर्ता नम्बर ५२३) र स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन, नेपाल (दर्ता नम्बर ५७०) रहेका छन् ।

यसैगरी, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९२ क (१) बमोजिम दर्ता भएर स्वास्थ्य क्षेत्रमा क्रियाशील रहेका राष्ट्रियस्तरका ट्रेड युनियनहरू पनि खारेजीमा परेका छन् । यसरी खारेज हुने स्वास्थ्यकर्मीका युनियनमा नेपाल स्वास्थ्यकर्मी युनियन (दर्ता नम्बर ३६०), स्वास्थ्यकर्मी युनियन नेपाल (दर्ता नम्बर ३६१), राष्ट्रिय स्वास्थ्यकर्मी संघ, नेपाल (दर्ता नम्बर ३६४) र राष्ट्रिय प्रगतिशील स्वास्थ्यकर्मी संगठन (दर्ता नम्बर ५५२) रहेका छन् । सरकारले एकैपटक देशका प्रमुख राजनीतिक दलसँग आस्था राख्ने र वर्षौंदेखि कर्मचारी प्रशासनमा बलियो पकड जमाएका ट्रेड युनियन खारेज गरेपछि यसले प्रशासनिक र राजनीतिक वृत्तमा नयाँ तरङ्ग पैदा गरिदिएको छ ।

# मालपोतको काम स्थानीय तहले गर्ने बाटो खुल्यो




साझाकुरा संवाददाता

हेटौंडा, २३ बैशाख/ स्थानीय तहलाई मालपोत कार्यालयले गरिरहेको काम गर्नसक्ने गरी कानुनी बाटो खुलेको छ । सरकारले 'केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश'मार्फत् मालपोत ऐन २०३४ मा संशोधन गरेसँगै मालपोत कार्यालयले गर्दै आएको कार्य स्थानीय तहले गर्न सक्ने भएका छन् ।

स्थानीय तहलाई मालपोत र नापी कार्य गर्नसक्ने गरी मालपोत ऐनमा दफा ८ (ग) थपिएको छ । स्थानीय तहले जग्गाको लिखत रजिष्ट्रेशन, नामसारी, दाखिलखारेज, लगतकट्टा, रोक्का तथा रोक्काफुकुवा गर्ने काम गर्न सक्नेछन् । स्थानीय तहले मालपोत र नापीको कार्य गर्नका लागि छुट्टै शाखा खोल्ने अधिकार ऐनले दिएको छ । स्थानीय तहमा यो कार्य 'भूमि व्यवस्थापन शाखा'ले गर्ने भएको छ । ऐन कार्यान्वयनका लागि निर्देशिका र कार्यविधि मन्त्रालयले बनाउने व्यवस्था छ । ऐनले 'मालपोत कार्यालय' को शब्द परिवर्तन गरेको छ ।

संशोधित ऐन अनुसार 'मालपोत कार्यालय' भन्ने शब्दको सट्टामा 'भूमि प्रशासन कार्यालय' राखिने भएको छ । मालपोत कार्यालयको प्रमुखलाई भनिँदै आएको 'मालपोतअधिकृत' लाई 'भूमि प्रशासन अधिकृत' हुने गरी संशोधन गरिएको छ । नापी र मालपोत कार्यालयले प्रदान गर्दै आएको सेवा स्थानीय तहले पनि गर्नसक्ने भएपछि त्यसका लागि दुई सय बढी पालिका तयार रहेको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले जानकारी गराएको छ । नापी तथा मालपोत सेवा प्रदान गर्नसक्ने इच्छुक पालिकाले जानकारी गराउन मन्त्रालयले सूचना जारी गरेको थियो ।

मन्त्रालयको सूचनाको आधारमा २०७ वटा पालिका इच्छुक देखिएका छन् । नापी र मालपोतको कार्य गर्नका लागि पोखरा र भरतपुर महानगर, धरान, घोराही र धनगढी उपमहानगर सहित २०७ वटा पालिकाले स्थानीय तहबाट सेवा दिन इच्छुक रहेको निवेदन मन्त्रालयमा पठाएका छन् । मन्त्रालयले चरणबद्ध रुपमा इच्छुक सबै पालिकालाई सेवा हस्तान्तरण गर्ने योजना बनाएको छ । सेवाग्राहीको चापको आधारमा मालपोत कार्यालयको काम स्थानीय तहमा लाने स्थानान्तरण गर्ने गरी प्राथमिकता दिने मन्त्रालयले जनाएको छ । नापी तथा मालपोत सेवाप्रवाहका लागि स्थानीय तहलाई आवश्यक प्राविधिक तथा जनशक्ति व्यवस्थापन संघीय मन्त्रालयले गर्ने भएको छ । पालिकालाई आवश्यक सामग्रीसहित कर्मचारीलाई तालिम र प्रशिक्षण दिने तयारी मन्त्रालयले गरेको छ ।

# मनहरीमा शुक्रबार राहदानी र राष्ट्रिय परिचयपत्र वितरण गरिँदै




साझाकुरा संवाददाता

हेटौंडा, २३ बैशाख/ नेपाल सरकारको सरकारी सेवा सुधारसम्बन्धी कार्यक्रमअन्तर्गत घरदैलोसेवा अवधारणा लागू गर्दै मकवानपुरको मनहरी गाउँपालिकाबाट राहदानी र राष्ट्रिय परिचयपत्र वितरण गरिने भएको छ ।

मनहरी स्थायीबासीलाई घरनजिकै सेवाप्रदान गर्ने उद्देश्यले वैशाख २५ गते शुक्रबार गाउँपालिका कार्यालयबाट राहदानी र राष्ट्रिय परिचयपत्र वितरण गर्ने कार्यक्रम तय गरिएको हो । २०८० असार मसान्तसम्म जिल्ला प्रशासन कार्यालयमा उपस्थित भई राष्ट्रिय परिचयपत्रको आवेदन दिने मनहरी स्थायीबासी र हालसम्म राहदानीका लागि आवेदन दिएकाहरुको राहदानी वितरण गर्ने तयारी गरिएको गाउँपालिका प्रमुख प्रशासकीयअधिकृत रमेश सुवेदीले जानकारी दिएका छन् ।

सुवेदीका अनुसार गाउँपालिकाको लामिटार ब्लकबाट शुक्रबार बिहान ९ बजेदेखि जनप्रतिनिधिका साथै मकवानपुरका प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा राष्ट्रिय परिचयपत्र र राहदानी वितरण गरिनेछ । सेवा वितरणलाई सहज, छिटो र प्रविधिमैत्री बनाउने उद्देश्यले सरकारले घरदैलो सेवाको अवधारणा ल्याएको थियो । यो अवधारणा कार्यान्वयन गर्दै राष्ट्रिय परिचयपत्र र राहदानी लिन जिल्ला प्रशासन कार्यालय धाउनुपर्ने बाध्यतालाई अन्त्य गर्न गाउँमै पुगी वितरण गर्न थालिएको प्रशासन कार्यालयले जनाएको छ ।

गाउँबाटै राष्ट्रिय परिचयपत्र र राहदानी वितरण गरिनेबारेको सूचना वडा कार्यालय मार्फत् टोलटोलमा पुऱ्याइएको गाउँपालिका सूचना प्रविधिअधिकृत आशिष मल्लले जानकारी दिए ।

उनकाअनुसार पछिल्लो पटक ८८ जना मनहरीबासीले राहदानीका लागि आवेदन दिएकोमा उनीहरु सबैको राहदानी वितरण गरिनेछ । प्रत्येक व्यक्तिलाई फोनमार्फत् गाउँपालिकामा राहदानी लिन आउन सूचित गरिसकिएको उनले बताए ।






साझाकुरा

## हाम्रो कुरा

# बेतलबी हेसिउलि कर्मचारी

नेपाल सरकारको पूर्णस्वामित्वमा रहेको हेटौंडा सिमेन्ट उद्योगका मजदुर तथा कर्मचारी ११ महिनादेखि तलबविहीन बनेका छन् । लामो समयदेखि उद्योग प्रशासनले पारिश्रमिक भुक्तानी गर्न नसक्दा मजदुर तथा कर्मचारीको दैनिक जीवनयापन कष्टकर बन्दै गएको छ । मजदुरकाअनुसार १८ महिनादेखि सञ्चयकोष, १५ महिनादेखि नागरिक लगानीकोष र एक वर्षदेखि कर (ट्याक्स रिटर्न) वापत तलबबाट कट्टा गरिएको रकम समेत सम्बन्धित निकायमा जम्मा गरिएको छैन । एक वर्षदेखि सट्टाबिदा उपलब्ध नगराइएको र तीन वर्षदेखि कर्मचारीको बीमा सुविधा नवीकरण भएको छैन । उद्योगमा स्वीकृत दरबन्दीको करिब ३० प्रतिशत जनशक्ति मात्र कार्यालय कुरिरहेका छन् । अतिरिक्त समयमा काम गरेबापत ३२ महिनासम्मको ज्यालासमेत नपाएको मजदुरले बताएका छन् । चल्दै नचलेको उद्योगमा कस्तो खालको अतिरिक्त काम भयो त भन्ने सवाल उठ्न सक्छ । उद्योगका ६५ जनाभन्दा बढी अवकाशप्राप्त कर्मचारीले अझै उपदान पाएका छैनन् । २०७९ सालमै अवकाशप्राप्त कर्मचारीले सेवासुविधा नपाउँदा गम्भीर समस्यामा परेको बताइएको छ । हेटौंडा सिमेन्ट उद्योग सञ्चालनको लागि आर्थिक स्रोत जुटाउन लामो समयदेखि बन्द अवस्थामा रहेको रोप-वे बिक्री गरेको थियो । उद्योगको सम्पत्ति नै बिक्री गरेर उद्योग चलाउन कति सहज होला ? अहिले रोपवे बेच्ने । अवको केही वर्षपछि अरु जायजेथा बेच्ने ? यसरी पनि सरकारी स्वामित्वको उद्योग चल्छ त ? हेटौंडा-९ मा रहेको उद्योगले विगतमा सिमेन्ट बनाउन आवश्यक चुनढुंगा ढुवानीका लागि प्रयोगमा ल्याएको रोप-बे बिक्री गरेको थियो ।

उद्योग प्रशासनले बाराको लिपनीमालस्थित पिएस एन्ड सन्स इन्टर प्राइजेजलाई भ्याटसहित चार करोड २५ लाख रुपैयाँमा रोप-वे बिक्री गरेको जनाएको छ । रोप-वे बिक्री गर्ने विषयमा गत पुस ७ गते सम्झौता भएको उद्योगले जानकारी दिएको छ । उद्योगले भीमफेदी गाउँपालिकाको भैँसेखानीदेखि उद्योगसम्म ११ किलोमिटर रोप-वेको सिस्टमसँग जोडिएका रोप-वेका टावर, तार र बकेटलगायत फलामजन्य सामान बिक्री गरिएको भनाइ छ । लामो समयदेखि बन्द रहेको रोप-वे पुन: प्रयोगमा ल्याउन सक्ने अवस्था नभएपछि बिक्री गरिएको उद्योगले जनाएको छ । ११ करोड रुपैयाँमा जडान गरिएको रोप-वे बिक्री गर्दा करिव साढे चार करोड रुपैयाँ मात्र आम्दानी भएको थियो । तीन किस्तामा सम्पूर्ण भुक्तानी भइसक्नु पर्ने सहमतिअनुसार उद्योगले रोप-वे खरिदकर्ता कम्पनीले सम्झौताको ९ महिनाभित्र रोप-वेको सम्पूर्ण संरचना उठाइसक्नु पर्ने सहमति गरेको थियो । रोप-वे बिक्रीबाट प्राप्त भएको रकम उद्योग सञ्चालनका लागि आवश्यक पर्ने कच्चापदार्थ खरिदमा खर्च गर्ने सञ्चालक समितिले निर्णय गरेको उद्योगले जानकारी दिएको थियो । एक अर्व रुपैयाँ भन्दा बढी खर्च आउने उद्योगमा ४ करोड रुपैयाँले के उपलब्धी हुनेवाला थियो र रोपवे बिक्री गरेको भन्ने जिज्ञासा पनि सर्वसाधारणले गरेका थिए । लामो समयदेखि बन्द भएर प्रयोगमा नआएकाले रोप-वे बिक्री गरेको र बन्द अवस्थामा रहेको रोप-वेको टावर, तार र बकेट गरी करिब १५ सय मेट्रिकटन फलाम रहेको अनुमान गरिएको थियो । वर्षौंदेखि सञ्चालन हुन नसकेको रोप-वेका कारण मानवबस्ती र विद्यालयका लागि जोखिम बनेर बसेको थियो । बेवारिसे अवस्थामा झुन्डिएका रोप-वेका डिब्बाले मानवबस्ती नै जोखिममा पारेको थियो । हेटौंडा सिमेन्ट उद्योगले खानीक्षेत्रबाट चुनढुंगा ओसार्न २०४२ सालमा रोप-वे सञ्चालनमा ल्याएको हो ।

उद्योगले २०४२ सालबाट भैँसेखानीबाट लामसुरेस्थित कारखानासम्म ११ किलोमिटर लम्बाइको रोप-वे चुनढुंगा ढुवानी गर्न सञ्चालनमा ल्याइएको हो । प्रतिघण्टा ३ सय मेट्रिकटन चुनढुंगा ढुवानी गर्ने क्षमता रहेको रोप-वेको सुरुमा १६५ वटा बकेट (क्यारियर) थिए । रोप-वे बिग्रिएपछि त्यसका क्यारियर पनि झर्दै गए, जसका कारण पछिल्लो समयमा त्यसमा १ सय ४० जति बाँकी रहेको थियो । विगतमा यातायातका साधनको सुविधा नहुँदा उद्योगको चुन ढुंगाखानीबाट ढुंगा ओसार्नको लागि रोप-वे को प्रयोग भएको हो । तर, पछिल्लो चरण यातायातको साधनको उपभोगमा सहजता आएसँगै उद्योगले रोप-वेबाट चुनढुंगा ल्याउन बन्द गरेको बताइएको थियो । २०६२ सालदेखि रोप-वे पूर्णरुपमा बन्द रहेको उद्योगले जनाएको छ । उद्योग अपेक्षित रफ्तारमा सञ्चालन हुन नसक्दा तलब भुक्तानीमा समस्या भएको बताएएको छ । उद्योगले विभिन्न सप्लायर्स, कर्मचारीलगायतलाई करिब एक अर्व ३६ करोड रुपैयाँ भुक्तानी दिन बाँकी रहेको छ । कोइला खरिदकै करिब ३२ करोड रुपैयाँ भुक्तानी गर्न बाँकी छ । कोइला सकिएपछि उद्योग वैशाख ३ गतेदेखि पूर्णरुपमा बन्द भएको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख २५ गते शुक्रबार ८ मे २०२६ । षष्ठी, जेठ कृष्णपक्ष । बछलागा ११४६ ने.सं. । सूर्योदय ५:२२ सूर्यास्त ६:४१ । रेडक्रस दिवस । विश्व स्मृति एवं मेलमिलाप दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : परिवारमा कलह | **तुला** | : मानसिक अशान्ति |
| **वृष** | : यात्रामा बाधा | **वृश्चिक** | : कार्यमा ढिलाइ |
| **मिथुन** | : काममा सफलता हात पर्ने | **धनु** | : मांगलिक कार्य सम्पादन |
| **कर्कट** | : अपजस पाइने | **मकर** | : उपचारमा खर्च बढ्ने |
| **सिंह** | : बौद्धिक कार्यमा वाधा | **कुम्भ** | : मानमर्यादाको वृद्धि |
| **कन्या** | : व्यवसायमा विवाद | **मीन** | : नवीन कार्ययोजनामा लगानी |

# पश्चिम एसिया द्वन्द्वको छायामा नेपाली युवा



✍सरोज बानियाँ

हरेक वर्ष हजारौं नेपाली युवा आफ्नो घर, परिवार र जन्मभूमि छोडेर आफ्नो भाग्य र भविष्य बनाउन पश्चिम एसियाका देश जान्छन् । नेपाल आज विश्वका त्यस्ता देशमध्येमा पर्छ, जहाँका युवा आफ्नो भविष्य देशभित्र भन्दा देशबाहिर खोज्न बाध्य छन् । विशेषगरी पश्चिम एसियाका अधिकांश देश नेपाली युवाको रोजगारीको प्रमुख गन्तव्य बनेका छन् । यो केवल आर्थिक माइग्रेसन मात्र होइन, नेपालको समग्र विकास मोडेल, श्रम बजार, राजनीतिक अस्थिरता र सामाजिक संरचनाको वास्तविक उपज हो । अझै पनि लाखौं नेपाली युवा आफ्नो सपना, श्रम र भविष्य विदेशी मरुभूमिमा खोजिरहेका छन् ।

नेपालको सामाजिक, आर्थिक र राजनीतिक संरचनालाई आज कुनै एउटा बाह्य पक्षले सबैभन्दा बढी प्रभाव पारेको छ भने त्यो हो– पश्चिम एसिया (खाडी मुलुक) को पछिल्लो चर्कँदै गरेको द्वन्द्व । दिनप्रतिदिन चर्कँदै गएको द्वन्द्वले त्यहाँ रहने नेपालीलाई त असर पार्‍यो नै, नेपालमा रहने नेपालीलाई पनि परेको छ । श्रम स्वीकृति आउँदा समेत रोजगारीका लागि जान पाएका छैनन् । सबै जना प्राय: त्यो द्वन्द्व कहिले अन्त्य होला र शान्तिको सास फेर्न सकिएला भनेर दिन गनेर बसिरहेका छन् ।

सन् २०२६ को सुरुआतसम्म आइपुग्दा नेपाली युवा र पश्चिम एसिया बीचको सम्बन्ध केवल रोजगारीको खोजीमा मात्र सीमित छैन, यो त एउटा यस्तो सामाजिक बन्धन बनेको छ जसले नेपालको गाउँदेखि शहरसम्मको अर्थतन्त्र, संस्कृति र भविष्यलाई समेत निर्देशित गरिरहेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्षमा देखिने युवाहरूको लामो लाइनले देशको वर्तमान अवस्थाको जीवन्त चित्रण गर्दछ । सरकारले हालै अघि सारेका ‘राष्ट्रिय प्रतिबद्धता’ र डिजिटल अर्थतन्त्रका योजनाले युवाको सीपलाई सम्बोधन गर्न सके भने मात्र पश्चिम एसियाको यो द्वन्द्वलाई नेपालीले ‘शक्ति’ मा परिणत गर्न सक्छ । अन्यथा, देशको ऊर्जावान् जनशक्ति विदेशी भूमिमा जान बाध्य हुने अवस्था र देश रेमिट्यान्सको मात्र आशामा चल्ने क्रमले दीर्घकालीन समृद्धि सम्भव छैन ।

### वर्तमान स्थिति र तथ्याङ्कीय प्रमाण

नेपाल राष्ट्र बैंक र श्रम विभागको सन् २०२५/२६ को पछिल्लो प्रतिवेदन अनुसार, नेपाली युवाको विदेशिने क्रम अझै पनि बढ्दो छ । चालु आर्थिक वर्षका प्रारम्भिक दुई महिनामै ९० हजार १९८ नयाँ कामदारले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिंदै विदेशिने क्रम तीव्र बनेको छ, जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा १७.९ प्रतिशतले वृद्धि भएको हो । गन्तव्यको हिसाबले हेर्दा, सबैभन्दा ठूलो हिस्सा ४१.४ प्रतिशत नेपाली युवाहरू संयुक्त अरब इमिरेट्सतर्फ गएका छन् भने त्यसपछि साउदी अरबमा १३.२ प्रतिशत, कतारमा ९.२ प्रतिशत र कुवेतमा ५.५ प्रतिशत युवा रोजगारीका लागि आकर्षित भएका छन् ।

यो तथ्याङ्कले के स्पष्ट पार्छ भने नेपालीको युरोप र अन्य विकसित देशहरूतर्फ आकर्षण बढे तापनि संख्यात्मक रूपमा हेर्दा पश्चिम एसिया नै नेपाली युवाको पहिलो र मुख्य रोजगारीको गन्तव्य बनेको छ । आर्थिक दृष्टिकोणबाट हेर्दा, सन् २०२५/२६ को पहिलो ६ महिनामा नेपालले १० खर्ब ३० अर्ब रुपैयाँ रेमिट्यान्स प्राप्त गरेको छ । जसमा झण्डै ४१ प्रतिशत हिस्सा खाडी मुलुकबाट मात्रै आएको छ । नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा रेमिट्यान्सको योगदान करिब ३० प्रतिशत पुग्नुले हाम्रो अर्थतन्त्र कतिसम्म पश्चिम एसियाको ‘छाया’ मा छ भन्ने कुरालाई पुष्टि गर्दछ ।

यदि पश्चिम एसियामा हाल भइरहेको राजनीतिक अस्थिरता र युद्धको स्थिति कायम भएमा त्यसको सिधा असर नेपालको चुल्होदेखि विदेशी मुद्रा सञ्चितिमा पर्ने देखिन्छ । हालैको विश्व बैंकको प्रतिवेदनले त पश्चिम एसियाको द्वन्द्वका कारण नेपालका थप १७ हजार बढी मानिस गरिबीको रेखामुनि धकेलिने सक्ने अनुमान गरेको छ ।

### वैदेशिक रोजगारी बाध्यता कि विकल्प?

नेपालमा वैदेशिक रोजगारीको इतिहास लामो भए पनि पछिल्लो दुई दशकमा यसको स्वरूप तीव्र रूपमा बढिरहेको छ । विशेषगरी, १९९० पछिको आर्थिक उदारीकरणले निजी म्यानपावर कम्पनीहरूको विस्तार भएर पश्चिम एसियाका देशहरूमा श्रमिकको माग बढेसँगै नेपाली युवाहरूको बाहिर जाने सोच अत्यधिक बढ्दै गयो र हाल हाम्रा गाउँघरहरूमा युवा जनशक्ति नै पाउन गाह्रो भइरहेको वास्तविकता तपाईं-हामीबीच घाम जस्तै छलङ्ग छ । हालको तथ्यांक अनुसार, ३.५ मिलियन भन्दा बढी नेपाली विदेशी भूमिमा काम गरिरहेका छन्, जसमा ठूलो हिस्सा पश्चिम एसिया र मलेसियामा केन्द्रित छ । यीमध्ये करिब १.३ मिलियन नेपाली केवल खाडी देशहरूमा कार्यरत छन्, जसले पश्चिम एसियालाई नेपाली श्रम बजारको केन्द्रबिन्दु नै बनाएको छ ।

अर्कोतर्फ, पछिल्लो आर्थिक वर्षको पहिलो त्रैमासिकमै २ लाखभन्दा बढी नेपालीले श्रम स्वीकृति लिएका छन्, जसको औसत हिसाब गर्दा दैनिक करिब २ हजार २०० भन्दा बढी मानिस विदेशिएका छन् । यो संख्या केवल कामदारको होह विद्यार्थी र अन्य श्रेणी जोड्दा वास्तविक संख्या अझै बढी हुन्छ । यसले स्पष्ट पार्छ कि वैदेशिक रोजगारी नेपाली युवाका लागि विकल्प होइन, बाध्यता बनिसकेको छ ।

### सीपको सदुपयोग र फर्केका युवाको अवस्था

नेपाली युवा पश्चिम एसियामा प्राय:जसो निर्माण, सेवा, सुरक्षा र प्रविधि क्षेत्रमा काम गरिरहेका छन् । तर, विडम्बना के छ भने उनीहरूले त्यहाँ सिकेको सीपलाई स्वदेशमा लगानी गर्ने वातावरण अझै तयार हुनसकेको छैन । ‘सन् २०२५ मा फर्किएका कामदारहरूको सर्वेक्षण’ अनुसार ५० प्रतिशतभन्दा बढी युवा नेपाल फर्केको एक वर्षभित्रै फेरि विदेशिने योजना बनाउँछन् । यसको मुख्य कारण स्वदेशमा व्यवसाय शुरु गर्न आवश्यक नीतिगत झन्झट र बजारको अनिश्चितता हो । पश्चिम एसियामा आधुनिक मेसिन र प्रविधि चलाउन सिकेका ती युवा नेपाल फर्किएर पुरानै ढर्राको खेती वा सानो पसलमा चित्त बुझाउन सकिरहेका छैनन् । त्यसको अलावा पश्चिम एसियाकै जस्तो सेवासुविधा र प्रविधियुक्त अवसर खोजिरहेका छन् । जुन कुरा नेपालमा अहिले नै प्राय: असम्भव जस्तै छ ।

### युवा बेरोजगारीको मूल कारण

दक्षता अनुसारको रोजगारी र पसिनाको उचित मूल्य नपाउनु नै नेपाली युवा विदेश पलायन हुनुपर्ने मुख्य बाध्यता हो । तथ्याङ्क अनुसार नेपालमा युवा बेरोजगारी दर करिब २२.७ प्रतिशत पुगेको छ, जुन राष्ट्रिय औसतको तुलनामा निकै चिन्ताजनक छ । अझै गम्भीर पक्ष त के छ भने, रोजगारीमा आबद्ध युवाहरूको ठूलो हिस्सा पनि न्यून रोजगारीको चपेटामा छन्, जहाँ कठोर परिश्रम र न्यून आम्दानी बीच ठूलो खाडल छ । पर्याप्त आयको अभाव र जीवनयापनको सकस नै आज नेपाली युवाका लागि वैदेशिक रोजगारीमा होमिनुपर्ने मुख्य बाध्यता र प्रेरक तत्व बनेको छ ।

नेपालको अर्थतन्त्रमा अझै पनि कृषि क्षेत्रले ६० प्रतिशतभन्दा बढी जनसंख्यालाई रोजगारी दिन्छ, तर उत्पादन कम र आम्दानी न्यून छ । औद्योगिक क्षेत्र सोचेभन्दा ज्यादै कमजोर छ र सेवा क्षेत्रले पर्याप्त तथा गुणस्तरीय रोजगारी सिर्जना गर्न सकेको छैन । त्यसैले, शिक्षित र अशिक्षित युवा बेरोजगार छन् । यही संरचनात्मक समस्या नै पश्चिम एसियातर्फको पलायनको मूल जड हो ।

### रेमिट्यान्सः अर्थतन्त्रको मेरुदण्ड

वैदेशिक रोजगारीले नेपाललाई आर्थिक रूपमा ठूलो सहयोग गरेको छ । अहिले नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को करिब ३० प्रतिशत हिस्सा रेमिट्यान्सबाट आउँछ । सन् २०२५ मा मात्रै नेपालमा मासिक रेमिट्यान्स २०० अर्ब रुपैयाँभन्दा बढी पुगेको छ, जुन अहिलेसम्मको उच्च हो । यसबाहेक, ७६.८ प्रतिशत नेपाली घरपरिवारले कुनै न कुनै रूपमा रेमिट्यान्स प्राप्त गर्छन्, जसले देशको सामाजिक-आर्थिक संरचनामा यसको गहिरो प्रभाव देखाउँछ ।

रेमिट्यान्सले गरिबी घटाउन, शिक्षा र स्वास्थ्यमा लगानी बढाउन अनि विदेशी मुद्रा सञ्चिति बढाउन महत्वपूर्ण भूमिका खेलेको छ । तर, यसको नकारात्मक पक्ष पनि उत्तिकै गम्भीर छ । विभिन्न अध्ययनले पुष्टि गरेअनुसार नेपाल भित्रिने रेमिट्यान्सको ठूलो हिस्सा उत्पादनशील क्षेत्रमा लगानी हुनुको सट्टा दैनिक उपभोगमै खर्चिने गरेको छ । रेमिट्यान्सको यस प्रकारको अनुत्पादक क्षेत्रमा भएको खर्चले गर्दा देशको दीर्घकालीन आर्थिक विकासको जग कमजोर बन्न पुगेको छ । यसका लागि वर्तमान सरकारले राष्ट्रिय गौरवको आयोजनाहरूमा लगानी गर्न र नयाँ उद्योग-कलकारखानाहरू सञ्चालन गर्न आवश्यक नीति मार्फत वैदेशिक भूमिमा रहेका नेपालीलाई आकर्षित गर्नुपर्नेतर्फ ध्यान दिन आवश्यक छ ।

### पश्चिम एसियामा नेपाली युवाको वास्तविकता

पश्चिम एसिया नेपाली युवाका लागि अवसरको भूमि जस्तो देखिए पनि वास्तविकता निकै अप्ठ्यारो छ । श्रमिकहरू प्राय: निर्माण, सुरक्षा, घरेलु कामदार र कम सीपयुक्त क्षेत्रमा बढी संलग्न रहेका छन् । यी क्षेत्र प्राय: अलि बढी जोखिमयुक्त क्षेत्रहरू हुन् । उनीहरूले अत्यधिक गर्मी, लामो कार्यघण्टा, न्यून श्रमिक अधिकार र कहिलेकाहीं तलब नपाउने जस्ता समस्या धेरै नै भोगिरहेका हुन्छन् ।

एक अध्ययनले देखाएको छ कि नेपाली श्रमिकहरू व्यवस्थित शोषणको चक्रमा फसेका छन्, जसको कारण कमजोर श्रम नीति, म्यानपावरको ठगी र गन्तव्य देशमा उनीहरूको न्यूनतम मानवअधिकारको प्रत्याभूति नहुनु पनि हो । अझ दु:खद पक्ष भनेको श्रमिक मृत्युको संख्या धेरै हुनु पनि हो । प्रत्येक वर्ष हजारौं नेपाली श्रमिकको मृत्यु हुन्छह जसमा दुर्घटना, स्वास्थ्य समस्या र आत्महत्या जस्ता जटिल कारण रहेका छन् ।

### सामाजिक प्रभावः खाली गाउँ, टुटेका परिवार

पश्चिम एसियाको प्रभाव केवल पैसामा मात्र सीमित छैन । यसले नेपाली समाजको आधारभूत संरचना र युवाको जीवनशैलीमा गहिरो परिवर्तन ल्याएको छ । खाडीबाट फर्किएका नेपाली युवाले आफूसँग केवल बचत मात्र होइन, त्यहाँको कार्यसंस्कृति, प्रविधिप्रतिको लगाव र नयाँ विश्वदृष्टिकोण पनि बोकेर आएका छन् । नेपालका साना शहर र गाउँहरूमा अहिले ‘अरबी’ स्वादका खाना तथा परिकारहरू लोकप्रिय हुनु र युवाको फेसनमा मध्यपूर्वी प्रभाव देखिनु यसैका उदाहरण हुन् ।

यद्यपि, यसको अर्को पक्ष भने चुनौतीपूर्ण छ, लामो समयसम्म परिवारबाट टाढा रहँदा पारिवारिक विछोड, बालबालिकाको हुर्काइमा अभिभावकीय शून्यता र ज्येष्ठ नागरिकहरूको एक्लोपन जस्ता सामाजिक समस्या पनि उस्तै दरमा बढेका छन् । पश्चिम एसियाको रोजगारीले आर्थिक राहत दिए पनि सामाजिक रूपमा एउटा ठूलो ‘जनसांख्यिक खाडल’ सिर्जना गरेको छ । गाउँघरमा मलामी जाने युवाको अभाव र खेतीयोग्य जमिन बाँझो रहने समस्या यसैको एउटा दु:खद पाटो हो ।

### “ब्रेन ड्रेन” र “युवा शून्यता”

नेपालबाट बाहिरिने युवा केवल श्रमिक मात्र होइन, धेरै शिक्षित, दक्ष र प्रतिभाशाली युवा पनि विदेशिएका छन् । यसलाई ‘ब्रेन ड्रेन’ भनिन्छ, जसले देशको दीर्घकालीन विकासमा प्रत्यक्ष असर पार्छ । नेपालको कुल जनसंख्याको करिब ४२.५६ प्रतिशत हिस्सा १६ देखि ४० वर्ष उमेर समूहको छ, जुन देशको ठूलो जनशक्ति हो । तर यही जनशक्ति देशभित्र नै उपयोग हुन नसक्दा जनसांख्यिक लाभको अवसर गुम्दै गएको छ ।

### राजनीतिक र नीतिगत असफलता

नेपालको वर्तमान अवस्था केवल आर्थिक समस्या मात्र होइन, यो नीतिगत असफलताको परिणाम पनि हो । राजनीतिक अस्थिरता, कमजोर औद्योगिक नीति, भ्रष्टाचार र दीर्घकालीन योजना अभावले रोजगारी सिर्जना हुनसकेको छैन । भदौ २३ र २४ मा भएको जेनजी तथा युवा आन्दोलनले पनि यही असन्तोषलाई उजागर गर्‍यो । युवाहरू अब केवल रोजगारी मात्र होइन, ‘सम्मानजनक र प्रविधियुक्त भविष्य’ खोजिरहेका छन् ।

### समाधानः अब के गर्ने ?

यो समस्या समाधान गर्न बहुआयामिक रणनीति आवश्यक छ । पहिलो, नेपालले उद्योग र उत्पादन क्षेत्रमा लगानी बढाउनुपर्छ, ताकि देशभित्र धेरैभन्दा धेरै रोजगारी सिर्जना हुनसकोस् । दोस्रो, सीप विकासलाई प्राथमिकता दिनुपर्छ, त्यसमा पनि अझै प्राविधिक सीपलाई प्राथमिकता दिन आवश्यक छ । जसले युवाहरूलाई उच्च आय गर्न सजिलो हुन्छ र त्यसतर्फ युवाको आकर्षण पनि बढ्नेछ । तेस्रो, स्टार्टअप र उद्यमशीलतालाई प्रोत्साहन गर्नुपर्छ ।

चौथो, वैदेशिक रोजगारीलाई पूर्ण रूपमा रोक्ने होइनह तर सुरक्षित, सम्मानजनक र उच्च आययुक्त बनाउनु आवश्यक छ । जसको लागि सीप विना कुनै पनि युवालाई वैदेशिक रोजगारीमा जान दिनुहुँदैन, यसलाई नीतिगत सुधार नै गर्न आवश्यक छ ।

### निष्कर्ष र भविष्यको बाटो

पश्चिम एसियाको छायामा नेपाली युवा केवल एक उक्ति मात्र नभई नेपालको वर्तमान र भविष्यको यथार्थ चित्रण हो । एकातिर रेमिट्यान्सले मुलुकको अर्थतन्त्रलाई जीवनदान दिएको छ भने अर्कोतिर, यही परनिर्भरताले हाम्रो आन्तरिक विकासको जगलाई कमजोर बनाउँदै लगेको छ । यदि समयमै सही नीति, लगानी र स्वदेशमै अवसरको सिर्जना गर्न सकिएन भने यो छाया अझ गाढा बन्ने निश्चित छ । तर, सही दिशाबोध गर्न सके यही युवाशक्ति नेपालको समृद्धिको मुख्य आधार बन्न सक्छ ।

आज पश्चिम एसियाको रापमा नेपाली युवाको भविष्य दोबाटोमा उभिएको छ । एउटा बाटो बाध्यताको हो, जहाँ अवसरको खोजीमा मरुभूमिको तातो बालुवामा पसिना बगाउनु परेको छ, अर्को बाटो अवसरको हो, जहाँ विदेशमा आर्जन गरेको सीप र पूँजीलाई नेपालको आधुनिक पूर्वाधार र कृषि क्रान्तिमा जोड्न सकिन्छ । त्यसैले, यो युवा ऊर्जालाई राष्ट्र निर्माणमा समाहित गर्न राज्यले अब ढिला नगरी ठोस र दीर्घकालीन योजना तर्जुमा गर्नु अनिवार्य छ ।

*(साभार: अनलाइनखबर)*

# ‘नागरिक सरकारसँग डराउन थालेपछि राष्ट्रमा अपशकुन सुरु हुन्छ’

✍घनश्याम भुसाल

नेपालको राजनीतिक इतिहास सधैँ दुईवटा चरम अवस्थाको वरिपरि घुमिरहेको छ- या त लोकतन्त्रका नाममा चरम अस्थिरता, या त स्थिरताका नाममा लोकतन्त्रमाथिको निर्मम आक्रमण र सर्वसत्तावाद । आधुनिक नेपालको निर्माण यताका करिब सातदेखि आठ दशकको इतिहासलाई फर्केर हेर्ने हो भने नेपाली नागरिकले यी दुवै अभिशापलाई गहिरोसँग व्यहोरेका छन् । अहिलेको नेपाली समाजको युगान्तकारी आकाङ्क्षा भनेको ‘लोकतान्त्रिक स्थिरता र समृद्धि’ हो । यही आकाङ्क्षालाई मूर्तरूप दिन नेपाली जनताले आफ्नो सम्पूर्ण बुद्धि, विवेक र क्षमताको प्रयोग गरेर असाधारण जनमतसहित बालेन्द्र शाह (बालेन) र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को नेतृत्वमा नयाँ सरकार निर्माण गरेका हुन् ।

यो जनमत कुनै सामान्य राजनीतिक घटनाक्रम होइन । पृथ्वीनारायण शाहले भनेझैँ, अहिलेको यो जनमत र सरकार ‘साना दु:खले आर्ज्याको’ पटक्कै होइन । पुराना राजनीतिक दलहरूका असफलता र निराशाको जगमा उभिएर नेपाली नागरिक्ले यो नयाँ विकल्प खोजेका हुन् । जति शक्तिशाली सरकार हुन्छ, स्वभावैले जनअपेक्षा पनि त्यति नै उच्च हुन्छन् । तर, दुर्भाग्यवश ! सरकार गठन भएको डेढ महिना पनि नबित्दै वर्तमान सरकारले जे-जस्ता गतिविधिहरू अगाडि बढाएको छ, त्यसले आम नेपाली नागरिकलाई नराम्ररी झस्काएको छ । सरकारका पछिल्ला कदमहरूले स्थिरताको नाममा कतै नयाँ निरङ्कुशताको जन्म त भइरहेको छैन भन्ने गम्भीर आशङ्का उब्जाएको छ । अहिलेको सरकार पूर्ण रूपमा सफल होस् भन्ने हाम्रो हार्दिक कामना छ । तर, सरकारलाई सफल बनाउने नाममा उसका गल्ती र स्वेच्छाचारी कदमहरूमाथि आँखा चिम्लिन सकिँदैन । यिनै विषयहरूलाई केन्द्रमा राखेर वर्तमान सरकारको ध्यानाकर्षण गराउन हामीले सातवटा गम्भीर बुँदाहरू अगाडि सारेका छौँ, जसमाथि सरकारले तत्काल सुधारात्मक कदम चाल्न जरुरी छ ।

### नागरिक तर्साउने सत्ता र सुकुमबासीको आँसु

केही समयअघि सामाजिक सञ्जाल र युट्युबमा एउटा फदयविदारक दृश्य भाइरल भयो । सुकुमबासी बस्तीबाट डोजर लगाएर लखेटिँदै गरेकी एउटी निहत्था युवतीले काँप्दै भनिन्, ‘मलाई सरकारसँग डर लाग्यो ।’ सुन्दा यो सामान्य वा ठट्टा जस्तो लाग्न सक्छ । तर, राजनीतिक दर्शन र राज्य सञ्चालनको सिद्धान्तअनुसार जब देशका निरीह नागरिक आफ्नो अभिभावक मानिने सरकारसँग थरथर काँप्न थाल्छन्, तब राष्ट्रमा अपशकुन सुरु हुन्छ ।

संसारको कुनै पनि इतिहासमा सरकारसँग नागरिक डराउने अवस्थालाई राम्रो मानिएको छैन । पञ्चायतकालमा पञ्चहरूले गरिब सुकुमबासीका बस्तीहरूमा दिनदहाडै आगो लगाएर लखेट्थे । त्यतिखेर बोल्ने प्रेस थिएन, नागरिक अधिकार थिएन र रुनुबाहेक सुकुमबासीसँग अर्को कुनै विकल्प थिएन । पञ्चायतकालको अन्त्य भएको यतिका वर्षपछि आज बालेन्द्र शाहको सरकारले गरिब र श्रमजीवीहरूमाथि त्यही पञ्चायती शैलीको निर्मम व्यवहार प्रदर्शन गरेको छ । सडकवासी र सुकुमबासीहरूलाई कुनै अर्को देशको शरणार्थी वा लफङ्गाझैँ लखेटिएको छ ।

राज्य भनेको सुकिलामुकिला र सम्पन्नहरूको मात्र होइन । यो सरकारले तत्काल गरिबहरूको मानवीय गरिमामाथि लिएको हुर्मतको क्षतिपूर्ति दिनुपर्छ । भत्काइएका भौतिक संरचना र उनीहरूको आर्जनको क्षतिपूर्ति दिनुपर्छ । बिना विकल्प, बिना तयारी होल्डिङ सेन्टरमा लगेर आधा पेट खुवाएर राखिएका बच्चाबच्ची, वृद्धवृद्धा र रोगीहरूको उचित व्यवस्थापन गर्नुपर्छ । आजै र अहिल्यै सरकारले नागरिकलाई यो आश्वासन दिनुपर्छ कि- ‘विकल्प नदिईकन अब कसैको पनि वासस्थान भत्काइने छैन ।’ हिजो सुकुमबासीको नाममा अरूले राजनीति गरे भन्दैमा आज डोजर चलाएर अर्को क्रुर राजनीति गर्ने छुट यो सरकारलाई छैन ।

### लोकतान्त्रिक विरासतमाथिको प्रहार : युनियनहरूमाथिको प्रतिबन्ध

वर्तमान सरकारले विद्यार्थी युनियन र ट्रेड युनियनहरूमाथि प्रतिबन्ध लगाउने जुन दुस्साहस गरेको छ, त्यो अत्यन्तै निन्दनीय छ । नेपालमा ट्रेड युनियन र विद्यार्थी अधिकार कुनै शासकले निगाहमा दिएको बक्सिस होइन । यसका पछाडि मेरो पुस्ता र मभन्दा अघिल्लो पुस्ताको आधा जिन्दगीको सैर्ष, रगत र पसिना बगेको छ । के बालेन सरकार यो देशको लोकतान्त्रिक स्वतन्त्रताको इतिहास नै मेट्न चाहन्छ? के सैर्षको विरासतलाई भत्काउन सम्भव छ? यदि सरकारले असावधानीवश यस्तो निर्णय गरेको हो भने तत्काल सच्याउनुपर्छ । यदि सोची-बिचारेरै प्रतिबन्ध लगाइएको हो भने सरकार धेरै गलत र खतरनाक बाटोमा हिँड्दै छ । नेपालले ट्रेड युनियन अधिकारसम्बन्धी कैयौँ अन्तर्राष्ट्रिय अभिसन्धिहरूमा हस्ताक्षर गरेको छ । ती सबै अन्तर्राष्ट्रिय दायित्व र लोकतान्त्रिक मूल्यमान्यतालाई लत्याएर सरकार एक्लै अगाडि बढ्न सक्दैन । यसर्थ, यो निर्णय तत्काल फिर्ता हुनुपर्छ ।

### संसद् छलेर अध्यादेशको “चोर बाटो” र अयोग्यको नियुक्ति

अहिलेको सरकारसँग संसद्मा स्पष्ट र बलियो बहुमत छ । सरकारका लागि कानुन निर्माण गर्न संसद्को फराकिलो ‘राजमार्ग’ खुला छ । कुनै कानुन छिटो पारित गर्नुपर्ने नै छ भने पनि संसद्का नियमहरू निलम्बन गरेर १५ दिनदेखि एक महिनाभित्र जस्तोसुकै कानुन बनाउन सकिने विधि र अभ्यास हामीसँग छ । तर, संसद्लाई छलेर, लोकतन्त्रको आधारभूत मूल्यमान्यता विपरीत अध्यादेश ल्याएर सरकार गल्ली-गल्ली दगुर्दै छ । यो ‘चोर बाटो’ यति शक्तिशाली सरकारलाई सुहाउने विषय होइन ।

हिजोका राजनीतिक दलहरूले आफ्ना मान्छेलाई नियुक्ति बाँडे भनेर चर्को आलोचना गर्दै सत्तामा आएकाहरूले आज अध्यादेशमार्फत रातारात हजारौं मान्छे भर्ती गर्दैछन् । सरकार बनेको डेढ महिनाभित्रै राज्यका महत्त्वपूर्ण अङ्गहरूमा जसरी क्षमता, योग्यता र नैतिक धरातल नै नभएका अयोग्य व्यक्तिहरूलाई छिराइँदै छ, त्यसले यो सरकारको नियतमाथि गम्भीर प्रश्न उठाएको छ । बहुमतको तुजुकमा अध्यादेशमार्फत राज्य कब्जा गर्ने मनसायबाट सरकार पछाडि हट्नुपर्छ ।

क्रमश: पृष्ठ-३...

## संसदीय समितिमा बहस :

# रासायनिक मल कारखाना खोल्ने कि प्रांगारिकमा जोड दिने ?

काठमाडौं/संसद्मा निरन्तर उठ्दै आएको विषय हो- किसानले समयमा र सहज मल पाउन सकेनन् । समस्या समाधानका लागि देशभित्रै मल कारखाना खोल्ने विषय राजनीतिक एजेन्डामा चार दशकदेखि छ । तर न मल कारखाना खुल्न सकेको छ, न किसानले सहज मल पाउन सकेका छन् । २१ फागुनको निर्वाचनबाट आएको प्रतिनिधि सभाअन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको सभापति चयन भएपछिको पहिलो बैठकमा पनि यही विषय उठ्यो ।



सिंहदरबारस्थित समितिको सभाकक्षमा बुधबार बसेको बैठकमा सांसदहरू रासायनिक मल कारखाना खोल्ने, कि प्रांगारिकमा जोड दिने भन्ने बहसमा उत्रिए । एमाले सांसद लक्ष्मीप्रसाद पोखरेलका अनुसार २०१५ सालदेखि अहिलेसम्म पनि संसद्मा मल अभावको विषय उठ्ने गरेको छ । सांसद पोखरेलले भने, 'पछिल्लो समय बजेटमा पनि यो विषय आयो । राजनीतिक प्रतिबद्धता पनि छ, अब यसलाई निष्कर्षमा पुऱ्याउनुपर्छ । नेपालमै मल कारखाना खोल्ने निर्णयमा सरकार पुग्नुपर्छ ।' पोखरेल अगाडि बोलेका राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद राजीव खत्रीले भने रासायनिक मल खरिदसँगै अर्गानिक मल उत्पादनमा पनि जोड दिनुपर्ने बताए ।

उनका अनुसार अर्गानिक मल उत्पादन पर्याप्त भएको भए रासायनिक मल लिन किसानले रातभर जाग्राम बस्नुपर्ने वा प्रहरीको लाठी खानुपर्ने अवस्था आउने थिएन । विस्तारै रासायनिक मलको प्रयोग कम गर्दै जाने नीति नेपालले नीति लिनुपर्नेमा उनको जोड छ । रास्वपाकी समिना मियाँले रासायनिक मलको प्रयोग गरेर उत्पादन गरिएका कृषि उपजले स्वास्थ्यमा हानी गर्ने बताइन् । सरकारले नागरिकको स्वास्थ्यमा हानी नगर्ने गरी कृषि उपजको उत्पादनको नीति ल्याउनुपर्ने बताइन् । 'सबै खाले क्रान्ति भयो, कृषि क्रान्ति भएन', उनले थपिन्, 'प्रांगारिक मललाई जोड दिन सक्यौं भने प्रांगारिक मलले माटोको उर्वरा शक्ति पनि बचाइराख्छ ।'

प्रांगारिक मलको ल्याब टेस्ट गर्ने व्यवस्था गर्न उनको सरकारसँग माग छ । उनले थपिन्, 'रासायनिक मललाई आयात र प्रोत्साहन गर्न भन्दा प्रांगारिक मललाई प्रोत्साहन गर्नुपर्छ ।' रास्वपाका सांसद पुनमकुमारी अग्रवाल पनि 'उत्पादन बढाउनेमा मात्रै जोड नदिएर माटो जोगाउने' विषयलाई सरकारले ख्याल गर्नुपर्ने बताइन् । उनले भनिन्, 'अर्गानिक मललाई प्रोत्साहन गर्न सकियो भने स्वास्थ्य समस्या कम हुन्छ ।' रास्वपाकै अर्की सांसद आशिका तामाङ पनि तत्काललाई रासायनिक मलको वितरणलाई सहज बनाउने र दीर्घकालीन रुपमा प्रांगारिक मलमा जोड दिनुपर्ने मत राखिन् ।

'छक्क पर्ने कुरा मल फ्याक्ट्री नै छैन', उनले भनिन्, 'अब रासायनिक मल नभए पनि प्रांगारिक मलको कोल्ड स्टोरेज हरेक पालिकामा हुनुपर्छ ।' उनले मल वितरणमा विभेद रहेको गरेको भन्दै सरकारको ध्यानकर्षण गराइन् ।

'वास्तविक किसानको हातमा एक बोरा मल छैन पहुँच हुनेको हातमा पाँच बोरा मल छ', उनले भनिन् । रासायनिक मल कारखाना खोल्ने वा रासायनिक मलको विकल्प खोज्ने भन्ने बहसका बीच रास्वपाकी सांसद सुजाता तामाङले आगामी आर्थिक वर्षको बजेटमा यसबारे प्रष्ट नीति आउनुपर्ने सुझाइन् । 'मलको विषयमा आगामी बजेटमा के गर्न सकिन्छ त्यसमा छलफल गरौं', सांसद तामाङले आग्रह गरिन् ।

**दशकौंदेखिको बहस**

एमालेका सांसद लक्ष्मी प्रसाद पोखरेलका अनुसार नेपालमै रासायनिक मल कारखाना खोल्ने सपना दशकौं देखिको सपना हो । तर, पूरा हुन सकेको छैन । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार नेपालमा विं.सं. २००७ यता रासायनिक मलको प्रयोग हुन थालेको हो । त्यसभन्दा अघि पूर्ण रूपमा जैविक अभ्यासमा आधारित थियो । सुरुमा नेपालमा भारतबाट एमोनियम सल्फेट भित्र्याइएको थियो र पछि नेशनल ट्रेडिङ लिमिटेड मार्फत रुसबाट रासायनिक मल आयात गर्न थालिएको हो । त्यसबेला नेपालमा रासायनिक मलको खपत बढाउन सरकारीस्तरबाटै विभिन्न कार्यक्रम तथा प्रचार-प्रसार भएका थिए ।

मल आयातलाई थप सहज बनाउन २०२२ सालमा कृषि मन्त्रालयअन्तर्गत कृषि सामग्री कम्पनी लिमिटेड नै गठन भयो । कृषि सामग्री कम्पनी लिमिटेड हालसम्म क्रियाशील छ । २०३० सालबाट नेपाल सरकारले रासायनिक मलमा किसानलाई अनुदान दिँदै आएको छ । नेपालमा हाल मुख्यत: युरिया, डीएपी, पोटास, एमोनियम सल्फेट, सिंगल सुपर फस्फेट र एमोनियम फस्फेट सल्फेट आयात भइरहेको छ । नेपालमा मल खपत बढ्दै गएपछि नेपालमै मल कारखाना खोल्ने विषयमा २०४० सालमै सम्भाव्यता अध्ययन भएको थियो । त्यसबेला जापान सहयोग नियोग (जाइका) ले गरेको सम्भाव्यता अध्ययन अध्ययनमै सीमित भयो ।

आर्थिक वर्ष २०७३/०७४ मा सरकारको नीति तथा कार्यक्रममै यो विषय परेको थियो । तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले नेपालमा रसायनिक मल कारखाना खोल्ने नीति ल्याएका थिए । त्यसपछि पनि मल कारखाना खोल्न अध्ययन भए । तत्कालीन कृषि मन्त्रालयले मल कारखानाबारे अध्ययन गर्न लगानी बोर्डलाई जिम्मा दिएको थियो । भारतको डेभलपमेन्ट कर्पोरेसन अफ कर्नाटकमार्फत गराइएको सम्भाव्यता अध्ययनले नेपालमा प्राकृतिक ग्यासबाहेक अरू ऊर्जा प्रयोग गरेर तत्काल मल कारखाना सञ्चालन सम्भव नभएको प्रतिवेदन दिएको थियो । २०८० जेठमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणका क्रममा उच्चस्तरमै यो विषय उठ्यो । १८ जेठ २०८० मा संयुक्त पत्रकार सम्मेलनमा बोल्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले 'नेपालमा रासायनिक मलको कारखाना खोल्नका लागि आवश्यक सहयोग गर्न भारत तयार' रहेको बताएका थिए ।

तथापि, नेपालमा मल कारखाना खोल्ने विषय ठोस रूपमा अगाडि बढ्न सकेन । तर, राजनीतिक दलहरूले यो मुद्दा निरन्तर उठाइरहेका छन् । गत २१ फागुनको निर्वाचन अगाडि रास्वपाले १०० बुँदे वाचापत्र ल्याएको थियो । जसको बुँदा नम्बर ४३ मा मल कारखाना खोल्ने विषय छ । जहाँ भनिएको छ, 'रासायनिक मलखाद तथा कृषि यान्त्रीकरणमा प्राथमिकताका साथ लगानी वृद्धि गर्दै कृषि उत्पादनमा उल्लेखनीय वृद्धि तथा उत्पादन लागत न्यूनीकरण गर्नेछौं । कृषि उत्पादन वृद्धि व्यवस्था नेपाल सरकारले नै गर्नेछ ।'

रासायनिक मल उद्योगलाई आकर्षित गर्ने रास्वपाको वाचा नै छ । जसअन्तर्गत भनिएको छ, 'ऊर्जा-आधारित ठूला उद्योगहरू जस्तै स्टील, सिमेन्ट, जडिबुटी प्रशोधन, डाटा सर्भर स्टेसन तथा रासायनिक मल उद्योगलाई आकर्षित गर्नेछौं ।' यी लगायतका चुनावी वाचासहित चुनावमा होमिएको रास्वपाले सुई सिट कम दुई तिहाइ बहुमत प्राप्त गरेको छ । रास्वपाको नेतृत्वमा शक्तिशाली एकल सरकार बनेको अवस्थामा फेरि संसदीय समितिमा मल कारखानाको विषय उठेको हो । तर, सरकारले यसबारे ठोस जवाफ दिएको छैन ।

*(स्रोत: अनलाइनखबर)*

---

## पानीसहितको हावाहुरीबाट मकवानपुरमा २६ घरपरिवार प्रभावित

# २२ लाखभन्दा बढीको क्षति

साझाकुरा संवाददाता

हेटौंडा, २३ बैशाख/ पानीसहित आएको हावाहुरीले मकवानपुरको आधादर्जन गाउँपालिकामा ग्रामीण क्षेत्रका बासिन्दा प्रभावित भएका छन् ।

हावाहुरीले घरगोठसहित अन्नबालीमा क्षति भएको छ । हावाहुरीले इन्द्रसरोवर गाउँपालिका-१ मार्खुस्थित सरस्वती बालबोधनी माविको माथिबाट सल्लाको रुख ढली जस्तापातामा क्षति पुगेको छ । बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडाकाअनुसार सोमबार पानी सहित आएको हावाहुरीले २६ घर परिवारको घरगोठसहित अन्नबालीमा क्षति पुगेको छ । २२ लाख रुपैयाँभन्दा बढीको क्षति भएको छ ।

मकवानपुरको कैलाश गाउँपालिका-९ घैराङटारका ५० वर्षीय बहादुर गलानको ढुङगामाटोले बनेको एकतले घरको जस्ताको छानो उडाउँदा जस्ता र अन्नपात गरी एक लाख ५० हजार बराबर र स्थानीय ५४ वर्षीया कालिमाया वाईबाको ढुङ्गामाटोले बनेको दुईतले घरको जस्ताको छानो उडाइ जस्तापातासँगै अन्नपात र काठपात गरी दुई लाख २० हजार रुपैयाँ बरारको क्षतिभएको प्रहरीको भनाइ छ ।

स्थानीय तिलकबहादुर घलान, विष्णुमाया लामा, मानबहादुर नेगी, रामहरी घलान, दिलबहादुर स्याङतान, भक्तबहादुर वाइबा र सुरजबहादुर घलानको घरमा हावाहुरीले क्षति पुगेको छ ।

प्रदेश प्रहरी कार्यालयका अनुसार मकवानपुरको मकवानपुर गढी गाउँपालिका-२ लेनडाँडाका मंगलसिंह तितुङ, भीमफेदी गाउँपालिका-७ पाण्डपपोखरीका मानबहादुर डिम्डुङ र वडा नम्बर ७ मोहभिरकी शान्ता राणाको जस्ताले छाएको छाना, काठ उडाई क्षतिभएको छ । भीमफेदी-२ थाक्लेका रमन घलेको कुखुरा फर्मको जस्ता उडाउँदा १६ वटा कुखुरा मरी ५० हजार रुपैयाँ बराबरको क्षति हुन गएको छ ।

हावाहुरीले भीमफेदी-२ दमारका रणबहादुर थिङ, भीमफेदी-९ का शंकर थिङको खाजानास्ता खानलाई बनाएको घुम्तीमा क्षतिसँगै लोकल कुखुरा छ वटा मरेको छ । मकवानपुरको इन्द्रसरोवर-३ मगर गाउँका प्रवीन थापामगरको घरको जस्ताले छाएको छाना उठाउनुका साथै मलसमेत नष्ट भएको छ ।

यसैगरी राक्सिराङ-९ खरीटोलका नरेन्द्र मल्लठकुरी, भोजबिक्रम सिंह, शेरबहादुर प्रजा, उत्तरकुमार प्रजा, गैरीटोल खैराङका रञ्जित नेगी, सीता रुम्बा, राक्सिराङ-१ चिरघारी भन्ज्याङका राजकुमार मुक्तान, कैलाश-३ का शिवलाल ओझा र चन्द्रकुमारी चेपाङको घरको जस्ताको छाना हावाहुरीले उडाई क्षति भएको छ । पानीसहित आएको हावाहुरीले क्षति भएको स्थानमा प्रहरी टोली खटिगएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

---

# लक्षित दर्शक भेट्न कक्षाकोठामै पुगे 'रोल नं १'का कलाकार



काठमाडौं/नेपालमा धेरैजसो निर्मातालाई आफ्नो फिल्मको लक्षित दर्शक नै थाहा हुँदैन । फिल्मको कथा एउटा हुन्छ, तर प्रचार भने त्यो कथासँग चासो नै नराखने दर्शकमाझ गरिन्छ । जसले गर्दा फिल्मले हलमा अपेक्षित दर्शक नै पाउँदैन । फिल्मको कथा अनुसार लक्षित दर्शक पहिल्याएर त्यस अनुसार प्रचार गर्न नसक्नु नै अहिलेको मुख्य समस्या हो ।

तर, आगामी जेठ ८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'रोल नं १'ले भने आफ्नो लक्षित दर्शकमा मात्र केन्द्रित भएर प्रचार गरिरहेको छ । फिल्मको कथा बालबालिकामा आधारित छ, जुन टिजरबाट पनि प्रस्ट हुन्छ । यसैले फिल्मको टिमले यतिबेला मोफसलका विभिन्न स्कुलको कक्षाकोठामै गएर त्यहाँ अध्ययनरत विद्यार्थीहरूलाई फिल्मबारे जानकारी गराइरहेको छ ।

'हामी आउँदैछौं तपाईंको कक्षाकोठामा सुन्न तपाईंको मन कुरा' स्लोगन राखेर वैशाख २१ गतेबाट पूर्वी जिल्लामा सुरु भएको स्कुल प्रचार अभियान २५ वैशाखसम्म चल्ने निर्माता विनोद पौडेलले जानकारी दिए । उनका अनुसार अहिलेसम्म झापा, मोरङ, सुनसरी, दमक, विर्तामोडका विभिन्न स्कुलमा पुगेर फिल्मका कलाकारहरूले विद्यार्थीसँग अन्तरक्रिया गरिसकेका छन् ।

फिल्मको प्रचार अभियानमा निर्माता पौडेलसहित कलाकारहरू मुकुन भुसाल, रेणु योगी, कर्मा लामा, संगीतकार तथा गायक प्रशान्त सिवाकोटी लगायत सहभागी छन् । स्कुलहरूमा गायक सिवाकोटीले फिल्ममा समावेश गीत 'रोल नं वान'मा सांगीतिक प्रस्तुति समेत दिने गरेका छन् । विद्यार्थीहरूलाई फिल्मको टिजर र गीत पनि देखाउने गरिएको छ ।

विद्यार्थीको मनोविज्ञानको कथामा आधारित यस फिल्ममा सुशांक मैनाली, सिर्जना अधिकारी, निर्भिक रेग्मी, रिन्चेन लामा, संयम कटुवाल, सिजल श्रेष्ठ लगायतको पनि अभिनय रहेको छ । जोन योञ्जनको निर्देशन तथा महेश दवाडीको लेखन रहेको फिल्ममा विनोद पौडेल र जान्वी पौडेल निर्मातामा छन् । विनोद कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारङ्गी'का निर्माता समेत हुन् ।

---

## जेनजी आन्दोलन अध्ययन समिति :

# सुरक्षा निकायको कारबाहीबारे प्रमाण दाँजेर प्रतिवेदन बनाउने

काठमाडौं/जेनजी आन्दोलनको दमनबारे सुरक्षा निकाय माथि गरिएको कारबाही सिफारिस अध्ययन गर्न बनाइएको समितिले काम सुरु गरेको छ । उच्च अदालतका पूर्वन्यायाधीश प्रेमराज कार्की संयोजकत्वको अध्ययन समितिले काम सुरु गरेको हो ।

अध्ययन समितिमा कार्कीसहित सशस्त्र प्रहरी बलका पूर्वएआईजी सुवोध अधिकारी र नेपाल प्रहरीका पूर्वएआईजी टेकप्रसाद राई सदस्य छन् । पुरानो गृह मन्त्रालयमा कार्यालय स्थापना गरेर समितिले काम सुरु गरेको छ । अध्ययन समितिका संयोजक कार्कीले प्रारम्भिक अध्ययनको काम सुरु भएको बताए । 'हामीले प्रारम्भिक अध्ययनको काम सुरु गरेका छौं । समितिमा कर्मचारी अपुग भएकोले थप माग गर्ने तयारी गरेका छौं,' संयोजक कार्कीले संचारकर्मीसँग भने ।

समितिले पूर्वन्यायाधीश गौरीबहादुर कार्की आयोगले बुझाएको प्रतिवेदन अध्ययनको काम सुरु गरेको छ । कार्की आयोगको प्रतिवेदन अध्ययन गर्ने, कारबाही सिफारिस गरिएको खण्ड र कारबाही सिफारिस व्यक्तिमाथि तथ्य प्रमाणहरू दाँजेर विश्लेषण गर्ने काम सुरु भएको समितिले बताएको छ । 'जो सुरक्षाकर्मीलाई कारबाही गर्न सिफारिस गरिएको छ, उहाँहरूको हकमा आयोगको प्रतिवेदनमा के कस्ता प्रमाणहरू समेटिएका छन् । ती उपलब्ध तथ्य प्रमाणहरू कारबाहीका लागि पर्याप्त छन्/छैनन् भन्ने विषयमा अहिले अध्ययन भइरहेको छ,' समितिकासंयोजक कार्कीले भने ।

आयोगको प्रतिवेदन अध्ययन गर्ने समिति भनिएकाले विशेषगरी अध्ययनमै केन्द्रित भएर काम हुने समितिले बताएको छ । अहिले त्यसैका लागि कार्यविधि बनाएर काम सुरु गरिएको छ । अहिले समितिले सुरक्षाकर्मीका साथै निजामती कर्मचारीतर्फ गरिएको कारबाही सिफारिसबारे अध्ययन गरि रहेको छ । सरकारले यसअघि नै सुरक्षा निकायका हकमा छुट्टै अध्ययन समिति गठन गरेपछि बल्ल कारबाहीको प्रक्रिया अघि बढ्ने बताएको थियो । जसअनुसार अध्ययन समितिले प्रतिवेदन बुझाएपछि त्यसैको आधारमा कारबाहीको बाटो खुल्ने बताइएको छ ।

**दुई चरणमा प्रतिवेदन बुझाइने**

दुई चरणमा प्रतिवेदन बुझाइने समितिका संयोजक कार्की बताउँछन् । समितिको कार्यक्षेत्रमै आवश्यकताअनुसार चरणगत रूपमा प्रतिवेदन बुझाउन सकिने उल्लेख गरिएकाले दुई चरणमा प्रतिवेदन बुझाइने कार्कीको भनाइ छ ।

'पहिलो चरणमा यसरी काम गर्दैछौं भन्ने बेहोराको प्रतिवेदन बुझाउँछौं । त्यो फाइनल होइन, प्रारम्भिक एउटा खाका हुन्छ । अनि सबै काम सम्पन्न भएपछि फाइनल प्रतिवेदन बुझाउँछौं,' कार्की भन्छन् । दुई चरणमा प्रवितेदन बुझाउँदा काममा सहजता आउने पनि समितिको बुझाइ छ । कोही व्यक्तिको हकमा पहिल्यै निचोड निस्केको हकमा पनि पहिल्यै बुझाउन सकिने छुट यो प्रावधानले दिएको छ ।

**बयान नलिने**

यसअघि कार्की आयोगले कारबाही सिफारिस गरिएका व्यक्तिहरूसँग बयान लिएको थियो । उक्त बयान आयोगले आफ्नो प्रतिवेदनमा समेत उल्लेख गरेको छ । तर अध्ययन समितिले भने आयोगको जस्तो बयान नलिने बताएको छ । 'यसअघि नै बयान लिएर कारबाही सिफारिस गरिएको घटनामा समितिले बयान लिँदैन,' समिति स्रोतले भन्यो ।

यदि कोही व्यक्तिलाई कारबाही सिफारिस गरिएको छ, तर यसअघि बयानको मौका नदिइएको अवस्था देखियो भने मात्र बयान लिने समितिले बताएको छ । 'कसैलाई सुनुवाइको मौका नै नदिई कारबाही सिफारिस गरिएको देखिएमा मात्रै हामी बयान लिन्छौं । नत्र बयान तथा सोधपुछ गर्ने भन्ने हुँदैन,' समिति स्रोतले भन्यो ।

**आयोगले क-कसलाई गरेको छ कारबाही सिफारिस ?**

गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनमा दमन र आगजनीबारे छानबिन गर्न सुशीला कार्की नेतृत्वको सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा आयोग गठन गरेको थियो । आयोगले २४ फागुनमा तत्कालीन प्रधानमन्त्री सुशीला कार्कीसमक्ष प्रतिवेदन बुझाएको थियो । चुनावपछि गठन भएको बालेन शाह नेतृत्वको सरकारको मन्त्रिपरिषद् बैठकले १३ चैतमा उक्त प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको थियो ।

तर, सुरक्षाकर्मीको हकमा भने पछि निर्णय हुने बताएको थियो । प्रतिवेदन कार्यान्वया गर्ने निर्णय भए लगत्तै भोलिपल्टै १४ चैतमा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक पक्राउ परेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

---

# नागरिक सरकारसँग डराउन थालेपछि...

**झिटीगुन्टामाथिको कर : अर्थशास्त्र भर्सेस मानवीयता**

सिमानामा १०० रुपैयाँभन्दा बढीको सामान ल्याउँदा अनिवार्य भन्सार तिर्नुपर्ने सरकारको नयाँ नियम अव्यवहारिक र अमानवीय छ । विदेशमा वा सीमापारि ५-१० वर्ष रगत-पसिना बगाएर आफ्नो झिटीगुन्टा लिएर फर्किने गरिब मजदुरहरूलाई दु:ख दिने नियतबाट यो नियम ल्याइएको छ । अर्कोतर्फ, एक तोला सुन बोकेर आउने हुनेखाने वर्गलाई भने कुनै रोकटोक छैन ।

राज्य सञ्चालन केवल प्राविधिक अर्थशास्त्र र कर सङ्कलनको ग्राफ हेरेर मात्र हुँदैन । समाज, इतिहास, परम्परा, भूगोल र गरिब नागरिकको सुख-दु:खलाई बुझेर मात्र नीतिहरू लागु गर्नुपर्छ । नेपाल र भारतबिचको ऐतिहासिक वारपारको सम्बन्धलाई यो १०० रुपैयाँको भन्सार नीतिले गम्भीर असर पुऱ्याउँछ । तस्करी नियन्त्रण हुनुपर्छ भन्नेमा दुईमत छैन, तर तस्करी रोक्ने नाममा सीमा नाकामा सामान्य नागरिकलाई दु:ख दिने र तर्साउने काम तत्काल बन्द हुनुपर्छ ।

**राष्ट्रिय प्राथमिकताबाट विचलन : बेरोजगारीदेखि कृषि र उद्योगसम्म**

अहिले देशको सबैभन्दा ज्वलन्त र भयानक समस्या भनेको 'युवा बेरोजगारी' हो । युवा बेरोजगारी एउटा यस्तो भयंकर र शक्तिशाली 'सैतान' हो, जसलाई राज्यले सिर्जनात्मक काम दिन सकेन भने त्यसले राज्यकै जग भत्काइदिन्छ । यदि युवाहरूलाई रोजगारी दिने हो भने उनीहरूले एकैछिनमा पहाड, पर्वत र खोला नालालाई विकासमा बदल्न सक्छन् ।

तर, सरकारको प्राथमिकता रोजगारी सिर्जनामा देखिएन । अमेरिका जस्तो पुँजीवादी देशमा त राष्ट्रपति जो बाइडेन र डोनाल्ड ट्रम्पले आफ्ना घरेलु उद्योगको संरक्षणका लागि दुनियाँसामु नाङ्गिएर नीतिहरू बनाइरहेका छन् । हामीले भने हाम्रो कृषि र उद्योगको संरक्षणका लागि कुनै कदम चालेका छैनौं । चुनाव जितेर मात्रै देशमा रोजगारी आउँदैन । युवा पलायन रोक्न, कृषि र उद्योगलाई बचाउन तथा शिक्षा र स्वास्थ्यमा आम नागरिकको पहुँच स्थापित गर्न सरकार पूर्ण रूपमा चुकेको छ । बाटो बिराएको प्राथमिकताले सरकारलाई छिट्टै ठुलो जोखिममा पार्ने निश्चित छ ।

**राज्यका निकायलाई तर्साउने मनोविज्ञान**

शक्तिमा पुगेपछि 'आफ्नो पक्षमा हुन्छ भने जे गरे पनि हुन्छ' भन्ने मनोविज्ञान सरकारमा देखिएको छ । सरकारले समाजलाई मात्र होइन, राज्यका स्थायी संरचनाहरूलाई समेत तर्साउन थालेको छ । आज देशको न्यायालय त्रस्त छ । न्यायाधीशहरू स्वतन्त्र रूपमा फैसला गर्न डराउने अवस्था सिर्जना हुँदै छ । सुकुमबासी बस्ती हटाउने जस्तो विशुद्ध नागरिक मामिलामा 'सेना परिचालन गरियो' भन्ने सन्देश प्रवाह गरेर अन्तर्राष्ट्रिय स्तरमै देशको छवि बिगार्ने काम भएको छ । राज्यका निकायलाई तर्साएर, शक्तिको तुजुक देखाएर र नागरिकलाई आतङ्कित पारेर शासन चलाउन खोज्नु ठुलो भुल हो । हिजो पनि नेपालमा निकै पपुलर मानिसहरू सत्तामा आएका थिए, शक्तिशाली सरकारहरू बनेका थिए, तर शक्तिको दुरुपयोग गर्दा उनीहरू कसरी इतिहासको पानाबाट बिलाएर गए भन्ने कुरा बालेन्द्र शाहले बुझ्न जरुरी छ ।

**भू-राजनीतिक संवेदनशीलता र राष्ट्रिय एकता**

लिपुलेक, कालापानी र लिम्पियाधुरा हाम्रो हो भन्ने कुरामा हामीसँग पर्याप्त र अकाट्य ऐतिहासिक प्रमाणहरू छन् । यदि हामीसँग प्रमाण नहुँदो हो त, भारतले हामीमाथि केसम्म गर्थ्यो होला भन्ने कुरा हामीले संविधान जारी गर्दा भोगेको ६ महिना लामो नाकाबन्दीबाटै प्रस्ट हुन्छ । हिजो सुशील कोइरालादेखि केपी ओलीसम्मका सरकारले यस विषयमा लिएको अडान सही थियो र वर्तमान सरकारले यसमा लिएको अडानलाई पनि हामी पूर्ण समर्थन गर्छौं ।

*(साभार: रातोपाटी)*

---

# 'आ बाट आमा २'मा सविनको प्रवेश, हिरो कि भिलेन ?

काठमाडौं/आगामी जेठ पहिलो साताबाट छायांकन सुरु हुन लागेको फिल्म 'आ बाट आमा २'मा यतिबेला कलाकार छनोट प्रक्रिया चलिरहेको छ । विपना थापा, प्रदीप रावत (गजनी भिलेन), पल शाह र आकाश श्रेष्ठ अनुबन्धित भइसकेको यस फिल्ममा अब अभिनेता सविन श्रेष्ठको प्रवेश भएको छ । निर्देशक चन्द्र पन्तले मंगलबार उनीसँग लिखित सम्झौता गरेका हुन् ।



सविन फिल्ममा नदेखिएको तीन वर्ष भइसकेको छ । पछिल्लो पटक उनी सन् २०२२ मा प्रदर्शन भएको फिल्म 'म'मा देखिएका थिए । यसपछि उनले केही फिल्म सम्झौता गरे पनि ती निर्माण हुन सकेनन् । अब 'आ बाट आमा २'बाट कमब्याक गर्न लागेका उनी यस फिल्ममा नकारात्मक भूमिकामा देखिन लागेको बुझिएको छ । यद्यपि, यसबारे स्वतन्त्र पुष्टि भने भएको छैन ।

असोज ३० गते (फूलपातिको अघिल्लो दिन)लाई प्रदर्शन मिति तय गरिएको यस फिल्मको गत सोमबार शुभ मुहूर्त भइसकेको छ । ललितपुरस्थित पाटन बंगलामुखी मन्दिरमा फिल्मको स्क्रिप्ट र क्यामरा पूजा गरिएको थियो । गजित विष्ट र नरेन खड्काको पनि अभिनय रहने फिल्ममा अहिलेसम्म अभिनेत्रीको भने टुंगो लागेको छैन ।

यस फिल्मको कथा तथा पटकथा निर्देशक पन्त स्वयंको हो । फिल्मको वितरण आरआर फिल्म्सले गर्नेछ भने डिजिटल अधिकार ओएसआरले लिएको छ । आर्या इन्टरटेन्टमेन्टको ब्यानरमा निर्माण हुने फिल्मको प्रोडक्सन म्यानेजरमा करण सिंह रहेका छन् । यो फिल्म अघिल्लो वर्ष प्रदर्शन भएको 'आ बाट आमा'को सिक्वेलको रूपमा निर्माण हुन लागेको हो ।


के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# प्रदेश स्काउटद्वारा ‘शान्ति र सुरक्षा’ प्रतिवेदन हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, २३ बैशाख/ ‘स्काउट शान्ति र सुरक्षा’ छलफल कार्यक्रमबाट प्राप्त सुझावसहितको विस्तृत प्रतिवेदन बागमती प्रदेश सरकारलाई हस्तान्तरण गरिएको छ ।

बागमती प्रदेश स्काउट कार्यालयले सामाजिक विकास मन्त्री कन्चनचन्द्र बादे र कानुन मन्त्रालय, विपद् व्यवस्थापन शाखाका पदम ओझालाई प्रतिवेदन हस्तान्तरण गरेको हो । फिनल्याण्ड स्काउट र नेपाल स्काउटको संयुक्त साझेदारीमा सञ्चालित ‘फिनल्याण्ड नेपाल साझेदारी परियोजना’ (एफएनपीपी) अन्तर्गत यो कार्यक्रम सञ्चालन गरिएको थियो । स्काउटका बागमती प्रदेशआयुक्त शिवकुमार तवाएनाको सभाध्यक्षतामा भएको कार्यक्रममा मन्त्री बादेको प्रमुख अतिथ्य रहेको थियो ।

स्काउट्स, शान्ति र सुरक्षा (एसपीएस) परियोजना नेपाल स्काउट र फिनल्याण्ड सरकारबीचको एउटा संयुक्त प्रयास हो, जसको मुख्य लक्ष्य संयुक्त राष्ट्रसंघको प्रस्ताव २२५० का सिद्धान्तहरुलाई नेपालका सातै प्रदेशका स्थानीय तह र समुदायमा व्यवहारिकरुपमा लागू गर्नु रहेको छ । मंगलबार हस्तान्तरण गरिएको प्रतिवेदनमा बागमती प्रदेशका ८ वटा जिल्लामा सञ्चालित ११ वटा छलफल कार्यक्रमको निष्कर्षलाई समेटिएको छ । ती कार्यक्रममा १७ देखि ३० वर्ष उमेर समूहका युवा, नगरप्रमुख, नगरपालिका कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, वातावरणविद् र स्काउटका नेतृत्वलगायत करिब ६ सय जनाको सहभागिता रहेको थियो ।



छलफलमा विभिन्न सामाजिक तथा वातावरणीय मुद्दामा केन्द्रित भई कुराकानी गरिएको थियो । अधिकांश कार्यक्रम जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनमा केन्द्रित थिए । भक्तपुर, चितवन, मकवानपुर, रामेछाप र दोलखामा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम भएका थिए । लैङ्गिकहिंसा रोकथाम र रणनीतिबारे काठमाडौँको चन्द्रागिरि र सिन्धुपाल्चोकमा भएको थियो । सामाजिक समावेशीकरण र अपाङ्गता अधिकारबारे काठमाडौँको बालुवाटार र चितवनमा भएको थियो । मानसिक स्वास्थ्य र कल्याणबारे ललितपुरमा तथा संस्थागत स्काउट सुदृढीकरणबारे काठमाडौँमा छलफल भएको थियो ।

बागमती प्रदेशमा जलवायु परिवर्तनप्रति देखिएको उच्चचासोले यसक्षेत्रमा बढ्दो वातावरणीय चुनौतीलाई दर्शाएको प्रतिवेदनमा उल्लेख छ । छलफलका क्रममा प्लास्टिकको प्रयोग, दिगो जीवनशैली, नवीकरणीय ऊर्जाको प्रयोग र फोहोरमैला व्यवस्थापनजस्ता विषय उठाइएका थिए । सहभागी युवाले वायुप्रदूषण, बढ्दो सहरी तापक्रम र जलवायुजन्य स्वास्थ्य जोखिमलाई प्रमुख चुनौतीकारुपमा पहिचान गर्दै तिनको समाधानका लागि सरकार र समुदायको जिम्मेवारीका बारेमा चर्चा गरेका थिए । नीति निर्माता र युवाबीचको अन्तरक्रियालाई अझ अर्थपूर्ण बनाउनुपर्नेमा जोड दिइएको छ ।

प्रतिवेदनमा स्काउट संस्थालाई अझ सुदृढ, समावेशी र परिवर्तनशील समाजमा सान्दर्भिक बनाउनका लागि चालिनुपर्ने कदमकाबारेमा पनि सुझाव दिइएको छ । युवाले जलवायु परिवर्तन र लैङ्गिकहिंसा जस्ता सामाजिक विषयका साथै संस्थागत सुधारका पक्षमा पनि खुलारुपमा धारणा राखेका छन् । यी छलफलले संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को ‘युवा, शान्ति र सुरक्षा’ ढाँचाका मुख्य सिद्धान्तलाई आत्मसात गर्दै युवालाई निर्णयप्रक्रियामा सक्रिय सहभागी गराउनुपर्ने आवश्यकतालाई पुष्टि गरेको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदन बुझेपछि मन्त्री बादेले प्रतिवेदनको विस्तृत अध्ययन गरी यसका सुझावलाई कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले अहिले बजेट निर्माणको समय भएको उल्लेख गर्दै आगामी बजेटमा स्काउटका विषयलाई समेट्ने बताए । सामुदायिक विद्यालयसँग स्काउटलाई जोड्नसके सक्षम र अनुशासित विद्यार्थी उत्पादन गर्न सकिने उनको भनाइ छ ।

# बानियाँमाथि गरिएको छानबिनप्रति ध्यानाकर्षण



साझाकुरा संवाददाता

हेटौंडा, २३ बैशाख/ नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवम् बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको निवास र कार्यालयमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले गरेको छानबीनप्रति कांग्रेसको प्रतिनिधिसभा क्षेत्र नं.२ ले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

क्षेत्र नं. २ कार्यसमितिले प्रेस विज्ञप्ति जारी गर्दै यो घटनालाई संवेदनशील विषयकारुपमा लिँदै अनुसन्धान प्रक्रिया विधिसम्मत, पारदर्शी र निष्पक्षढंगबाट हुनुपर्नेमा जोड दिइएको छ । क्षेत्र नं. का सभापति लोकबहादुर मुक्तानद्वारा हस्ताक्षरित विज्ञप्तिमा कुनैपनि व्यक्तिमाथि गरिने अनुसन्धान लोकतान्त्रिक शासनप्रणालीको आधारभूत मूल्य र मान्यताअनुरुप हुनुपर्ने उल्लेख गरिएको छ । ‘त्यसक्रममा सम्बन्धित पक्षलाई आवश्यक जानकारी उपलब्ध गराउनुका साथै उनीहरुको मौलिक अधिकारको पूर्णसम्मान गरिनुपर्ने छ’ विज्ञप्तिमा भनिएको छ, ‘अनुसन्धानका क्रममा अपनाइने प्रक्रिया र व्यवहारले न्यायिक विश्वसनीयता कायम राख्नुपर्ने’ धारणा पनि कांग्रेसले व्यक्त गरेको छ ।

लामो समयदेखि सुशासन, भ्रष्टाचारमुक्त समाज, पारदर्शिता तथा लोकतान्त्रिक मूल्यमान्यताप्रति प्रतिबद्ध रहँदै आएको उल्लेख गर्दै यस्ता गतिविधिले आमनागरिकमा अन्योल र चिन्ता सिर्जना गर्न सक्ने विज्ञप्तिमा औंल्याएको छ । सम्बन्धित निकायले घटनाबारे स्पष्ट र आधिकारिक जानकारी सार्वजनिक गर्दै जनविश्वास कायम राख्नुपर्नेमा जोड दिइएको छ । पार्टीले राज्यका निकायलाई विधिको शासन, पारदर्शिता र उत्तरदायित्वका सिद्दान्त आत्मसात गर्दै कार्यसम्पादन गर्न आग्रह गरेको छ ।

भविष्यमा यस्ता संवेदनशील विषयमा थप उच्चसतर्कता अपनाउन र जिम्मेवार ढंगले अघि बढ्न पनि सम्बन्धित पक्षलाई सचेत गराइएको छ । लोकतन्त्र, मानवअधिकार र विधिको शासनको संरक्षणमा सबै पक्ष सजग रहनुपर्ने आवश्यकता औंल्याउँदै अनुसन्धानका नाममा कुनैपनि प्रकारको पूर्वाग्रह वा दवाव सिर्जना हुन नहुने स्पष्ट धारणा राखेको छ ।

# दुग्ध किसानद्वारा मनहरीका अध्यक्ष कालाखेती सम्मानित



साझाकुरा संवाददाता

हेटौंडा, २३ बैशाख/ मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीलाई दुग्ध किसानले सम्मान गरेका छन् ।

मनहरीक्षेत्रका दुग्ध किसानको हकहित संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै उनलाई बुधबार मनहरी-१ स्थित क्षितिज दुग्ध उत्पादक सहकारीका किसानले सम्मान गरेका हुन् । क्षितिजले आयोजना गरेको पशुपालन तथा दुग्ध उत्पादन तालिम उद्घाटन कार्यक्रममा वडा नम्बर १ का अध्यक्ष शिवप्रसाद खनाल, संस्थाका अध्यक्ष राममणि न्यौपाने लगायतको उपस्थितिमा कालाखेतीलाई खादा तथा सम्मानपत्र सहित सम्मान गरिएको हो । किसानको तर्फबाट मीठुदेवी मुक्तान, मीठुकुमारी मुक्तान र लक्ष्मी उप्रेतीले अध्यक्ष कालाखेतीलाई खादा लगाएर सम्मान गरेका थिए ।

अध्यक्ष कालाखेतीले दुग्ध किसानको हकहित र संरक्षणमा नेतृत्वदायी भूमिका खेलेको, समयमै दूधको भुक्तानी सुनिश्चित गरी किसानहरूमा भरोसा जगाएको तथा उत्पादनशीलता वृद्धिका लागि अतुलनीय योगदान पुर्‍याएको कदरपत्रमा उल्लेख छ । अध्यक्ष कालाखेतीले देखाएको दूरदर्शी नेतृत्वका कारण आफूहरु उत्साहित भएको सहकारीका अध्यक्ष न्यौपानेले बताए । विशेषगरी दूधको भुक्तानी समयमै हुने व्यवस्था मिलाइए पछि किसानको आर्थिक अवस्था सुधार हुँदै गएको उनको भनाइ थियो ।

सम्मानपछि अध्यक्ष कालाखेतीले किसानको विश्वास नै आफ्नो कामगर्ने ऊर्जा भएको उल्लेख गर्दै दुग्ध क्षेत्रको विकासलाई अझ प्रभावकारीरुपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरे । उनले किसानमैत्री नीति तथा कार्यक्रमलाई निरन्तरता दिँदै उत्पादन वृद्धि र बजारीकरणमा थप सहजीकरण गरिने बताए । जनप्रतिनिधि जनताप्रति उत्तरदायी र जवाफदेही हुनुपर्नेमा जोड दिँदै कालाखेतीले त्यसो भएमा मात्र जनप्रतिनिधि भन्न सुहाउने धारणा राखे । जनप्रतिनिधिले जनताका हरेक समस्यालाई नजिकबाट बुझेर समाधानका लागि पहल गर्नुपर्ने र उनीहरूको दु:खमा साथ दिनुपर्नेमा उनको जोड थियो ।

हरेक १ महिनाभित्र किसानले उत्पादन गरेका दुधको पैसा भुक्तानी सुनिश्चित गरिएपछि दुध उत्पादनमा वृद्धि भएको उनले सुनाए । गाउँपालिकामा पहिला प्रतिदिन ५,५०० लिटर दूध संक्लन हुने गरेकोमा अहिले बढेर १४,००० लिटर प्रतिदिन पुगेको र यो अझै बढ्दो क्रममा रहेको उनले जानकारी दिए । दूधको भुक्तानी समयमै पाउन थालेपछि पशुपालन र दुग्ध उत्पादनमा उत्साह र ऊर्जा थपिएको किसानले बताएका छन् । पछिल्लो समय गाउँपालिकाले सहकारीमार्फत दुग्ध किसानलाई मासिकरुपमा २ करोड ८० लाख रुपैयाँसम्म भुक्तानी भइरहेको अध्यक्ष कालाखेतीले बताए ।

दुइदिनसम्म सञ्चालन हुने तालिममा पशुसेवा कार्यालय मकवानपुरका प्रमुख रामप्रकाश प्रधानले किसानलाई पशुपालनको उपाय र दूध उत्पादन बढाउने तरिकाबारे तालिम दिनेछन् । कार्यक्रममा मनहरी-१ का वडाध्यक्ष खनालले आफूहरुले स्थानीयको सर्वाङ्गिण विकासमा ध्यान दिइरहेको बताए ।

बागमती गोल्डकप:

# ललितपुरको पराजित, सर्लाहीको बागमती फाइनलमा




साझाकुरा संवाददाता

हेटौंडा, २३ बैशाख/ सर्लाहीको बागमती युथ क्लब मकवानपुरको बागमती गाउँपालिकामा जारी आठौं संस्करणको बागमती गोल्डकपको फाइनलमा प्रवेश गरेको छ ।

बुधबार सहिदस्मृति रंगशालामा भएको पहिलो सेमिफाइनल खेलमा ललितपुरको फ्रेन्ड्स क्लबलाई टाइब्रेकरमा ५-४ गोलले हराउँदै बागमती गोल्डकपको फाइनलमा प्रवेश गरेको हो । निर्धारीत खेलसमयमा १-१ गोलको बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको हो । दुवै टिमले पेनाल्टीमार्फत् गोल गरेको हो । फ्रेन्ड्सका कप्तान रुपेश केसीले पहिलो हाफको ११ औं मिनेटमा र बागमतीका लागि आयुष मगरले ८५ औं मिनेटमा पेनाल्टी मार्फत् गोल गरे । टाइब्रेकरमा बागमतीका लागि अनिष महर्जन, भुपल मगर, आयुष मगर, अमन लामा र युवराज ढकालले गोल गरे भने फ्रेन्ड्सका लागि सुजन चौधरी, राजेश दाहाल, विवेक मगर र रुपेश केसीले गोल गरे ।

प्रशान्त सक्षमको प्रहार बाहिरियो । प्लेयर अफ दि म्याच बागमतीका आयुष मगर घोषित भए । उनले १० हजार प्राप्त गरे । बागमतीले आयोजक बागमती खेलकुद विकास समितिलाई हराउँदै क्वाटरफाइनल प्रवेश गरेको थियो भने क्वाटरफाइनलमा सातौं संस्करणको विजेता चर्च ब्वाइजलाई हराएको थियो । बागमतीले अब फाइनलमा उपाधिका लागि दोस्रो सेमिफाइनल अन्तर्गत बिहिबार हुने चित्लाङ एफसी र नवजनजागृतिबीचको विजेतासँग खेल्नेछ । फाइनल खेल बैशाख २६ गते हुनेछ । प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले ५ लाख पाउनेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र विधागत उत्कृष्टहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

## सहकारी संस्थाहरुको संयुक्त साधारणसभासम्बन्धी

**सूचना । सूचना ।। सूचना ।।।**

दुबै संस्थाको साधारणसभाको निर्णयबमोजिम गठित संस्था एकिकरण गर्ने समिति तथा दुबै संस्थाको संचालक समितिको विभिन्न मितिमा भएको छलफल तथा एक अर्को संस्थाको अनुगमन, अध्ययन तथा संस्थाको समूहमा भएका छलफल तथा निर्णयको साथै श्री सर्वोत्तम संचिति बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८२/१२/२८ गते भएको बिस्तारित बैठकको निर्णयपश्चात् दुबै संस्थाको संचालक समिति, लेखा समिति तथा अन्य पदाधिकारीहरु समेतको बैठक २०८३/०१/१३ को निर्णयबमोजिम दुबै संस्था एकीकरण गर्न संयुक्त साधारणसभा तपसिल बमोजिम हुने भएकोले सम्बन्धित सम्पूर्ण शेयर सदस्यज्यूहरुले आ-आफ्नो संस्थामा उपस्थित भई लिनुदिनु हरहिसाब आफ्नो पासबुक र संस्थामा रहेको क्यासबुकमा फरक भए/नभएको चेकजाँच गराई मिति २०८३/१/२५ गतेभित्र मिलाउनु हुनको साथै दोहोरो सदस्यता भएका सदस्यज्यूहरु समेतले पायक पर्ने संस्थामा सम्पर्क गरी जानकारी गराउनु हुनसमेत सबैमा यसै सार्वजनिक सूचनामार्फत् जानकारी गराइन्छ ।

**तपसिल**

एकिकरण गरिने संस्था:

☞ श्री सर्बोत्तम संचिति बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा-८
☞ श्री सुन्दर बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा-१

साधारण सभा हुने: **मिति** : २०८३/२/२३ गते, शनिबार
**स्थान** : शुभम् पार्टी प्यालेस, हेटौंडा-८
**समय** : बिहान ११:०० बजे


*(नोट: सँस्था एकीकरण गर्ने सँयुक्त साधारण सभा मिति २०८३/२/२ गते गर्ने भन्ने निर्णय भएकोमा नगर पालिकाको कार्यबिधि अनुसार निर्धारित मितिमा गर्न नमिल्ने भएकोले सो सभा नगरपालिकाको कार्यविधि अनुसार मिति २०८३/२/२३ गते शनिबार पुर्व निर्धारित समय र स्थानमा गर्नको लागि सम्पूर्ण सञ्चालक समिति, लेखासमिति, सल्लाहकार सबैमा निर्णयार्थ प्रस्तावित गर्दछु ।)*





आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना